# त्रिपुरासुन्दरी नगरपालिका

## त्रिपुराकोट बगर, डोल्पा

## वार्षिक नीति तथा कार्यक्रम

## आ,ब, २०७७/२०७८

२०७७ साल अषाढ १० गते

यस त्रिपुरासुन्दरी नगरपालिकाको गरिमामय एवम् पाँचौ नगरसभाको नीति तथा बजेट घोषण सभाका सभाध्यक्ष एवम नगर प्रमुख ज्यु ।

यस पाँचौ नगरसभामा पाल्नुहुने सभाका सदस्यज्युहरु, राष्ट्रसेवक, शिक्षक, कर्मचारी एवम आगन्तुक नगरबासी बुवा,आमा,दाजुभाइ, दिदिबहिनी तथा नगर सभाका सदस्यहरुमा त्रिपुरासुन्दरी नगरपालिका र म उप प्रमुख चन्दकुमारी बुढाको तर्फबाट न्यानो अभिवादनका साथै हार्दिक नमस्कार गर्न चाहान्छु ।

आदर्णिय नगरसभाका सभाध्यक्ष एवम सदस्यज्युहरु

त्रिपुरासुन्दरी नगरपालिकाको नगर उप प्रमुखको हैसियतले यस सम्मानित पाँचौ नगरसभा समक्ष आगमी आ,ब,२०७७/२०७८ को नीति तथा बजेट कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनका लागि जीवन बलिदान गर्नुहुने सम्पुर्ण शहितहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । त्यसै गरी राष्ट्रियता,स्वाधिनता,लोकतन्त्र,सामाजिक न्याय,समानता र समृद्धिका लागि संघर्ष गर्नु हुने महान नेपाली नागरिक र त्यसको सवल एवम सक्षम नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

हाम्रो अनुरोध स्वीकार गरी यस नगरपालिकाको नीति,कार्यक्रम तथा बजेट घोषणा सभालाई आजपुर्ण,समावसी,सहभागितामुलक र सफल बनाउन पाल्नुहुने नगर सभाका सदस्यज्युहरुमा त्रिपुरासुन्दरी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

दुई दशकसम्म रिक्त रहेको स्थानीय निकायमा नेपालको संविधान जारी भइसकेपछि संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्था अनुसार तीन तहको

सरकार अन्तर्गत पहिलो चरणको स्थानीय तहको निर्वाचन पछि स्थापीत यस त्रिपुरासुन्दरी नगरपालिकाले तीन वर्षको अवधि राम्ररी पुरा गरेको छ भन्ने विश्वासका साथ सम्मानीत नगर सभामा नगर उप प्रमुखको हैसियतले यस नगरको आगमी दिनको सुनौलो भाग्य र भविष्यको मार्ग चित्र कोर्नको लागि आगमी आ,व,२०७७/२०७८ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउदा अत्यन्त खुसी लागेकोछ । यस अवसरमा म नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जन आन्दोलन,सशस्त्र आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्न चाहान्छु । लोकतन्त्रको स्थापनार्थ शहिदहरुको त्याग बलिदानलाई उच्च सम्मान गर्दछु । नगरबासी सम्पुर्ण दाजु भाइ तथा दिदिबहिनीहरुले जुन विश्वास र स्नेहको साथ हामीलाई आफ्नो क्षेत्रको भविष्य आफैं निर्माण गर्ने अवसर दिनुभयो त्यसको लागि हार्दिक नमन गर्दै यहाँहरुको विश्वासलाई पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

स्थानीय तहले कसरी कार्य सञ्चालन गर्ने भन्ने अन्योलताको बीच नगरपालिका बनिसकेपछि आम नागरिकको अपेक्षा बढ्नु स्वभाविक नै रहेकोछ । स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफै गर्न,आफ्नो क्षेत्रको विकास आफै गर्ने तथा आफुलाई आवश्याक पर्ने कानुन आफै तर्जुमा गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै गरेको अवस्थामा नगरबासीहरुको अपेक्षा अनुरुप नगरपालिकाले सेवा प्रवाह गर्न,विकास निर्माण गर्न,घरदैलोमा सरकारको उपस्थितिको प्रत्यभुति गराउन निकै कठिनाईहरु विद्यमान रहेका छन ।

हाल कोभिड–१९ को विश्वाव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जन जीवनलाई

नियमित गर्ने बिषय नै अहिलेको प्रमुख चुनौती हो । महामारीको अवस्थामा यस नगरपालिकाको आबश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन् । यस परिस्थितिमा यस नगरपालिकाको बजेट तर्जुमा सामान्य अवस्थाको भन्दा फरक हुने निश्चित छ । कोभिड–१९ भाइरसको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आँकलन गरि हाल यस नगरपालिकाले सम्पादन गरिरहेका क्वारेन्टाइन व्याबस्थापन,राहत वितरण,सचेतना कार्यक्रम,सुचना तथा तथ्याँक संकलन तथा संप्रेषण जस्ता कार्यहरुका लागि यी क्षेत्रको विद्यमान अबस्था विश्लेषणका आधारमा आबश्याकता पहिचान गरि आगमी वर्षको बजेटको नीति,कार्यक्रम र बजेटमा प्राथमिकता साथ समावेश गरिनेछ । यद्यपी हरेक बादलमा चाँदीको घेरा देखिए जस्तै जस्तोसुकै चुनौतीको बावजुद पनि यस नगरपालिकालाई समवृद्ध तथा समुन्नत बनाउन आज हामी यस सम्मानीत नगर सभामा उपस्थित भएका छौ ।

सम्मानीत नगरसभाका सभाध्यक्ष एवम् सदस्यज्युहरु,

अब म त्रिपुरासुन्दरी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) विगत तीन बर्षदेखि यस नगरपालिकाले स्थानीय भौगोलिक अवस्थितिमा रहेको यहाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने,स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यन्वयनमा प्रत्यक्ष सहभागी गराउने,मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदा कार्यक्रम तथा विकासका गतिविधीहरु सञ्चालन गरि यस क्षेत्रका जनताको चरम गरिबी न्युनिकरण गर्ने गरी यस आ,व,२०७७/२०७८ को मुल नीति समपुरक कोष, क्रमागत योजना, नगरस्तरिय अति प्राथमिकतामा परेका आयोजना,पदाधिकारी र कर्मचारीको क्षमता विकास र सबै वडालाई जनसंख्या, भुगोल, आन्तरिक आय,लक्षित समुह तथा

समावेशिकरण सहभागितामुलक सिद्धान्तलाई आधार मानी बजेट बाँडफाँड गर्ने प्रमुख आधार नीतिको रुपमा लिएकोछु ।

२) डोल्पा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएकोछ । यस नगरपालिका भित्रका विभिन्न वडा,बस्तीहरुमा कच्ची सडकले जोड्ने काम जोडतोडले भैरहेकोछ । आ,व,२०७६/२०७७ को अन्त सम्ममा खदाङदेखि फुल्चिङ सम्म ३ हजार मिटर,खदाङदेखि ल्हाँसम्मा २ हजार ७ सय मिटर,मध्दुदेखि रसीसम्ममा ७ हजार मिटर, सुँपानीदेखि सुं र ज्यु सम्मा ५ हजार मिटर,पातेहाल्न देखि छलसम्म १ हजार ५ सय मिटर,पातेहाल्न देखि पाहाडा एयरपोर्ट सम्मा २ हजार मिटर, निला पहिरा देखि तामेगाड हुदै छलसम्मा २ हजार मिटर,साँङटा,चुगाड देखि चुँ,लिकु मुहु हुदै हुमसम्मा १० हजार मिटर मोटर बाटो खन्ने कार्य सम्पन्न भएकोछ भने हुम देखि बन्तडी र बन्तडी देखि खालिवनसम्म मोटर बाटो खन्ने काम भैरहेकोछ । त्रिपुराकोट बगरदेखि करेलीकाँडा सम्म प्रदेश सरकार र नगरको ६० र ४० प्रतिशतको साझेदारीमा सडक खण्ड निर्माणका लागि टेण्डर आहवान भैसकेको छ । नगर क्षेत्रमा आगामी आ,व,मा मोटर बाटोको स्तोन्नती गरी ग्राबेलिङ गर्ने कार्य सम्पन्न गरिनेछ भने बाँकी सडक सञ्जालले नछोएका वडा नँ १० को दापु , वडा नँ ११ को हुमसम्म, वडा नँ २ को रुम पातिहाल्न हुदै गुम्बा गाउँसम्म र वडा नँ ७ वडा कार्यालय देखि वडा नँ ८ खालिवन सम्म सडक पुराउन प्रदेश सरकारसंग समन्वय गरि जोडकोषको व्यवस्था गरिएको छ ।

३) बाँच्न पाउने नागरिकको नैसर्गिक अधिकार हो । यसका लागि स्वास्थ्य उपचार आधारभुत आवश्यकता भएकोले स्वास्थ्य उपचार सेवा सर्वसुलभ,सहज,भरयर्दो र सस्तो होस भन्ने आशयले यस नगरको वडा नँ १ त्रिपुराकोट बगरमा पन्धसैयाको अस्पतालको स्थापनाको कार्य अघि बढाएको छ भने स्वास्थ्य चौकी नभएका वडा नँ २, ४, ५, ८, ९ र ११ नँ वडाहरुमा वडा स्तरिय स्वास्थ्य

सेवा केन्द्र स्थापनाको लागि भवन निर्माणका काम सम्पन्न भैसकिएको छ ।

४) शिक्षा तथा सामाजिक विकास तर्फ

क) यस शैक्षिक सत्रदेखि यस नगरभित्र सञ्चालित मा,वि,का लेखा सहायकहरुको खाईपाई आएको मासिक प्रारिश्रमिकमा मासिक रु, ३,०००। का दरले थप गरिएकोछु ।

ख) यस नगरभित्रका सबै बालबिकास कक्षा तथा बालबिकास केन्द्रका सहजकर्ताहरुको खाइपाइ आएको पारिश्रमिकमा आ,व,२०७६/२०७७ देखि मासिक रु,४,०००। थप गरिएको कार्यक्रमलाई निरन्तरता दिइएकोछु ।

ग) यस नगरपालिका भित्र संचालित कक्षा १ देखि ८ सम्म संचालित साविकी ६ वटा नि,मा,वि, हरुमा ईन्टरनेटको माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न ल्यापटप,प्रोजेक्टर र प्रिन्टर खरिद तथा जडान  कार्य समेत गर्नका लागि रु,३२ लाख रकम विनियोजन गरिएकोछु ।

घ) यस नगरभित्रका सम्पुर्ण वडाहरुबाट साक्षर तथा निरक्षरहरुको नामनामेसी सहितको विवरण संकलन गरी प्राप्त तथ्याङ्कका आधारमा साक्षारता कक्षाहरु प्रत्येक वडाहरुमा यसै वर्ष सञ्चालन गरिनेछ ।

ङ) यस नगर भित्रका विद्यालयहरुमा जेष्ठताका आधारमा विद्यालय विकास प्रस्तावका साथ प्र, अ, छनोट कार्य अघि बढाएको र नतिजाको आधारमा नगरबाट विद्यालयको विकासको लागि आर्थिक सहयोग गरिनेछ । शिक्षा कार्यविधि अनुसार छनोट भएका प्र,अ,हरुको प्र,अ, भत्तामा आ,व,२०७६/२०७७ मा रु,५००। थप गरिएको रकममा आ,व,२०७७/२०७८ मा रु, ५००। थप गरि जम्मा रु, १,०००। पुराउने प्रस्ताव गरिएकोछु ।

च) यस नगर भित्रका ३५ वटा विद्यालयहरुमा कामकाज गर्दै आएका विद्यालय सहयोगीहरुलाई गत आ,व,२०७६/२०७७ बाट मासिक रु, १ हजार खाइपाई आएको पारिश्रमिकमा थप गरिएको कार्यक्रमलाई निरन्तरता दिइएकोछु ।

छ) यस नगर स्तरिय निर्माणधिन रंगशालाको निर्माण कार्यलाई निरन्तरता दिनका लागि प्रस्ताब गरिएकोछु ।

ज) राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमका लागि विद्यालय व्यबस्थापन अनुदान यस नगरबाट आ,व,२०७७/२०७८ मा १२ वटा विद्यालयहरुमा प्रति विद्यालयमा रु,२ लाखका दरले जम्मा रु,२४ लाख अनुदान दिने व्यबस्था गरिएकोछु ।

झ) यस नगरपालिका भित्र सञ्चालित माद्यमिक विद्यालयहरुमा आगमी आ,व,२०७७/२०७८ देखि विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा सञ्चालन गरिनेछ ।

ञ) यस नगरमा सञ्चालित एक मात्र क्याम्पस लिकु संयुक्त क्याम्पसको दिगो सञ्चालनका लागि नगरले थप प्रत्येक वर्ष अनुदान रु, ५ लाख दिईनेछ र विद्यार्थीहरुलाई नियमित अध्यायन गर्ने वातावरण सिर्जना गर्न विषय शिक्षकहरुको व्यबस्थापन तर्फ पहल गरिनेछ ।

५) राष्ट्रिय अर्थतन्त्रको मुख्य मेरुदण्ड कृषि हो । आयआर्जन र गरिवी निवारणको भरपर्दो स्रोत कृषि भएकाले विगत आ,व,२०७४/२०७५ देखि यस नगर अन्तरगतका सवै वडाहरुमा व्यबसायिक फलफुल खेती गर्ने नीति अवलम्वन गरिए अनुरुप नगरको कुल बजेटको ठुलो हिस्सा कृषिमा लगानी गरिएको र आ, व,२०७५/२०७६ सम्म निरन्तर लगानी गरिदै आएको छ भने आ,व,२०७६/२०७७ मा एक घर एक कमपोष्ट मलको खाडल नीति अबलम्वन गरी यसका लागि बजेट समेत विनियोजन गरी

हाल कार्यान्वयनको अवस्थामा रहेकोछ । यसबाट किसानहरुको आउदो चार वर्ष भित्र गरिवी निवारण हुने अपेक्षा गरिएको छु ।

६) गरिवी निवारणको अर्को स्रोत पशुपालनलाई आयमुलक तथा व्यावसायिक बनाउन नश्ल सुधार गरी पशुपालन गर्न एक वडा १ पशु प्राविधिक कार्यक्रम अबलम्वन गरिनेछ । मासु तथा दुध उत्पादनका लागि कार्ययोजना सहितको पकेट क्षेत्र घोषणा गरि सोही अनुरुप व्यबसाय संचालन गर्न किसानहरुलाई उत्प्रेरित गरिनेछ ।

७) यस नगरपालिका भित्र अंगुरको व्यबसायिक रुपमा खेती गर्ने कृषकहरुको आर्थिक अवस्थामा सुधार गर्न अन्य कृषकहरुलाई अंगुर खेती व्यबसायलाई प्रोत्साहित गर्नका लागि अंगुरबाट वाइन बनाउने उधोग स्थापनाका लागि आवश्यक बजेटको व्यबस्था गरिएकोछु ।

८) यस नगरपालिका भित्र उत्पादित फलफुल,तरकारी र स्याउको व्यवस्थित र सहज तरिकाबाट खपत गरि बजार सम्मा ढुवानी गर्नका लागि ३ वटा गाडि संघिय पशु तथा पंक्षी मन्त्रालय काठमाण्डौ र कर्णाली प्रदेशको कृषि,पशु तथा भुमी व्यबस्था मन्त्रालय सुर्खेतसंग माग गरि कृषकहरुको उत्पादित उपजहरुलाई सहज तरिकाबाट बजारसम्मा पुराउनका लागि सम्बन्धित निकायमा माग गर्ने प्रस्ताव गरिएकोछु ।

९) महिला,अपाङग,जेष्ठ नागरिहरुको हक अधिकार सुनिश्चित गर्न र महिला तथा लैगिंक हिंसाको न्युनिकरण,बालबालिकाको अधिकारको सुनिशिचत गर्नका लागि महिला सशक्तिकरण आय आर्जन तथा सिपमुलक तालिमको व्यवस्थाको साथै ५ वर्ष मुनिका बालबालिकाहरुको लागि संचालित बचत खातामा प्रति बालिका प्रति महिना रु, १५०। दरले वार्षिक रु,१,८००। का दरले अनुदान दिने व्यबस्था गरिएको छु ।

१०) यस त्रिपुरासुन्दरी नगरपालिकाका नगर बासीहरुको स्वस्थ्यलाई ध्यानमा राखि छिटो छरितो र सुलभ तरिकाबाट उपचार गर्नका लागि त्रिपुराकोट स्वास्थ चौकीमा एक्सरे मेसिन खरिद गर्नका लागि आवशयाक बजेटको व्यबस्था गरिएकोछु ।

११) यस त्रिपुरासन्दुरी नगर बासीहरुको स्वास्थ्य उपचारलाई सस्तो सहज र सजिलो तरिकाबाट विरामीहरुलाई उपचार केन्द्र तथा अस्पतालसम्म पुराउनका लागि नगरपालिका स्वयमले एम्बुलेन्स खरिद गर्नका लागि आवश्याक बजेट विनियोजन गरिएकोछु ।

१२) यस नगरपालिकालाई सुचना संचार र प्रविधि मैत्री बनाउनका साथै नगर बासीहरुलाई संचारको माध्यमबाट नजिक ल्याउनका लागि एफ,एम,रेडियो स्थापनाका लागि जोड कोषका लागि रु,१० लाख रकम विनियोजन गरिएकोछु ।

१३) आधा आकास ढाकेका महिला आमा दिदि बहिनीहरुको कार्य बोझ तथा स्वास्थ्य अवस्थालाई ध्यानमा राखि विजुली बत्तिको प्राप्तता र पानी घट्टाको पहुँचबाट टाढा रहेका ११ वटै वडाका बस्तीहरुमा चिनु कुटानी मेसिन र मकै,गहुँ,कोदो पिसानी र तेल पेल्ने मेसिन खरिद संचालन तथा स्थापना गर्नका लागि आवशयाक बजेट विनियोजन गरिएकोछु ।

१४) यस त्रिपुरासुन्दरी नगरपालिका वडा नं १ स्थित सेउडी खोलाबाट पानी ल्याई निउने डाँडामा वृक्षारोपण गर्नका लागि कार्यक्रममा प्रस्ताव गरिएकोछु ।

१५) यस नपरपालिका धार्मिक,साँस्कृतिक,ऐतिहासिक र पर्यटकीय हिसाबले महत्वपुर्ण नगरपालिका भएकाले विभिन्न किसिमका पर्यटकलाई नगर भित्रको प्रबेश गराउनका लागि कोलि बगरमा तीर्थ स्थल स्थापनाका लागि बजेट प्रस्ताव गरिएकोछु ।

१६) पर्यटकी,ऐतिहासिक धरोहरका रुपमा रहेको विक्रम शाही महाराज राजदरबारको पुरातातिक महत्वका रुपमा रहेका राजदरबारमा निर्मित धर्मशालामा खानेपानीको समस्यालाई ध्यानमा राखी मुकुटेश्वर हिमाल तीर्थ स्थलबाट विक्रमशाही महाराज दरबार सम्म खानेपानी व्यवस्था गर्नका लागि बजेटमा प्रस्ताव गरिएको छ ।

१७) नगरको विकास र समृद्धिको आधार नै आन्तरिक स्रोत हो यो स्रोतको मुख्य आधार कर हो । कर तिर्नु नागरिकको प्रमुख दायित्व र कर्तव्य हो । कुनै पनि नागरिक करको दायित्वबाट पन्छिन पाउदैन । त्यसैले आम्दानीको प्रमुख स्रोत कर हुने भएकोले यो आ,व,२०७७/२०७८ लाई कर संकलनको वर्षको रुपमा मनाइनेछ ।

१८) नेपाल सरकारको राष्ट्रिय नीति अनुसार सन २०२० सम्म विधुतिय सु शासन प्रणालीमा प्रवेश गरी सक्ने भन्ने मुल मन्त्र अनुसार यस त्रिपुरासुन्दरी नगरपालिकाले यसै आ,व,२०७६/२०७७ बाट सुत्र प्रणालीबाट लेखा श्रेष्ता राख्ने सुरुवात भएको छ । इन्टरनेटको भरपुर प्रयोग गरि सफटवेर मार्फत लेखा,सुचना तथा संचारका कार्यहरुलाई चुस्त दुरुस्त बनाउनुका साथै अधावधिक गरिनेछ । साथै आर्थिक प्रशासनलाई पारदर्शिता र जबाफदेहिताका साथ फलदायि बनाउने नीति अबलम्वन गरिदै प्रत्येक वडाहरु र नगरपालिकाले हरेक वर्ष सामाजिक लेखा परिक्षण तथा सार्वजनिक सुनाई गरिने कार्यलाई यथाशिघ्र अगाडि बढाईनेछ ।

१९) राजश्व बाँडफाँड र आन्तरिक स्रोतबाट कार्यालय संचालनसंग सम्वन्धित तलब, भत्ता, मसलन्द, मर्मत, संभार, इन्धन, संचार, घरभाडा, न्यायिक समितिको कार्यक्रम संचालन, नगर प्रहरी व्यवस्थापन, पदाधिकारीहरुको सेवा सुविधाहरु, विभिन्न समितिहरुको संचालन आदिको व्यवस्था गरिनेछ ।

२०) नगर भित्र रहेका देशका कर्णधार मानिने बेरोजगार युवाहरुको बास्तविक तथ्याङ्क संकलन गरि रोजगारिका अवसरहरु सिर्जना गर्न नेपाल सरकारको नीति बमोजिम प्रतिभा पलायन हुन रोक लगाउने लक्ष्यका साथ प्रधान मन्त्रि रोजगार कार्यक्रम मार्फत यस नगरमा आवेदन दिएका बेरोजगार युवाहरुको प्रतिभा,सिप,क्षमता,रुचिमा आधारित सिपमुलक र आयमुलक तालिमहरु संचालन गरि रोजगारका अबसरहरुको सिर्जना गरिनेछ ।

२१) यसै आ,व,भित्रमा नगरपालिकाको आफ्नै भवन निर्माण गरि संचालनमा ल्याउनका लागि आबश्यक बजेटको व्यवस्था गरिएको छ ।

२२) यस नगर भित्रका स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन तथा व्यवस्थापन गर्न लागि आवश्याक बजेटको व्यवस्था गरिएको छु ।

२३) सामुदायिक विद्यालयहरुमा अध्यायनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरणका लागि आवश्यक बजेटको व्यबस्था गरिएको छु ।

२४) विगत आ,व,हरुमा जिल्ला स्तरबाट संचालन हुदै आएको प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनालाई आगमी आ,व,२०७७/२०७८ देखि यस नगरपालिकाबाट संचालन गर्न आबश्यक बजेटको व्यबस्था मिलाएको छु ।

२५) विकासको मेरुदण्ड भनेकै उधोग धन्दाहरु भएकाले यस नगर भित्र औधोगिककरण गर्नका लागि विभिन्न खालका उधोग स्थापना गर्नका लागि आबश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२६) कोभिड १९ महामारीका कारण एक गाउँ देखि अर्को गाउँ जान टाढा भएका गाउँहरु वन्तडी, करेलीकाँडा,

२०) नगर भित्र रहेका देशका कर्णधार मानिने बेरोजगार युवाहरुको बास्तविक तथ्याङ्क संकलन गरि रोजगारिका अवसरहरु सिर्जना गर्न नेपाल सरकारको नीति बमोजिम प्रतिभा पलायन हुन रोक लगाउने लक्ष्यका साथ प्रधान मन्त्रि रोजगार कार्यक्रम मार्फत यस नगरमा आवेदन दिएका बेरोजगार युवाहरुको प्रतिभा,सिप,क्षमता,रुचिमा आधारित सिपमुलक र आयमुलक तालिमहरु संचालन गरि रोजगारका अवसरहरुको सिर्जना गरिनेछ ।

२१) यसै आ,व,भित्रमा नगरपालिकाको आफ्नै भवन निर्माण गरि संचालनमा ल्याउनका लागि आबश्यक बजेटको व्यवस्था गरिएको छु ।

२२) यस नगर भित्रका स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन तथा व्यवस्थापन गर्न लागि आवश्याक बजेटको व्यवस्था गरिएको छु ।

२३) सामुदायिक विद्यालयहरुमा अध्यायनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरणका लागि आवश्यक बजेटको व्यबस्था गरिएको छु ।

२४) विगत आ,व,हरुमा जिल्ला स्तरबाट संचालन हुदै आएको प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनालाई आगमी आ,व,२०७७/२०७८ देखि यस नगरपालिकाबाट संचालन गर्न आबश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२५) विकासको मेरुदण्ड भनेकै उधोग धन्दाहरु भएकाले यस नगर भित्र औधोगिककरण गर्नका लागि विभिन्न खालका उधोग स्थापना गर्नका लागि आबश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२६) कोभिड १९ महामारीका कारण एक गाउँ देखि अर्को गाउँ जान टाढा भएका गाउँहरु वन्तडी, करेलीकाँडा,

मढु,रुम,रसी,रंङग,र खदाङमा औषधी सहितको स्वास्थ्य कर्मीको व्यवस्था गरिएको छ सो कार्यलाई कोभिड १९ जारी रहुन्जेल सम्मका लागि निरन्तरता दिने प्रस्ताव गरिएको छु ।

२७) यस नगरपालिकाले यातायातका साधानहरुलाई सुरक्षित र व्यबस्थित रुपमा संचालन गर्नका लागि सँभाव्यताको अध्यान गरि बसपार्क निर्माणको लागि आवश्याक बजेटको प्रस्ताव गरिएको छु ।

२८) यस नगरपालिकाबाट सञ्चालन गरिने प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत स्थानीय तहहरुबाट संचालन हुने रोजगारमुलक आयोजनाहरु कामको लागि प्रारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु आगमी आ,व,२०७७/२०७८ बाट संचालन गरिने आयोजनाहरु स्थानीय तहबाट तर्जुमा एवम् स्वीकृत गराई वार्षिक कार्यक्रममा समाबेश गरी कार्यन्वयनका गर्नका लागि आवश्याक बजेटको व्यवस्था गरिएको छु ।

२९) त्रिपुरासुन्दरी नगरपालिका वडा नँ ८ खालिवन गुम्बाबाट चुँ देउला,लामिडाँडा,जरिनी काँडा,ढोक्पा नौसरी हुदै फोक्सुण्डो जाने पर्यटकीय पद मार्ग निर्माणका लागि कर्णाली प्रदेश उधोग वन पर्यटन तथा वातावरण मन्त्रालय सुर्खेतलाई निर्माणको लागि प्रस्ताब गरिएको छु ।

३०) यस त्रिपुरासुन्दरी नगरपालिका महिला,बालबालिका तथा समाज बल्याण उप शाखामा विगत जिल्लाबाटै कार्यरत रहदै आएका महिला सामाजिक परिचालक २ जनालाई यस आ,व,२०७७/२०७८ बाट निरन्तरता दिनका लागि आबश्याक बजेटको प्रस्ताब गरिएकोछु ।

यस नगर सभाका सभाध्यक्ष ज्यु अब म चालु आ,व,को अनुमानित राजशव र व्ययको अनुमान पेश गर्ने अनुमति चाहान्छु ।

मिति २०७७/०३/०९ गते सम्म प्राप्त निकासा विवरण

क) राजश्व बाँडफाँडबाट रु, ४ (चार) करोड १९ (उन्नाईस) लाख ३६ (छत्तिस) हजार ९ (नौ) सय ७

ख) आन्तरिक आय खातामा जम्मा भएको रु, ८ (आठ) लाख ९६ (छयानब्बे) हजार ३ (तीन) सय ५३ (त्रिपन्न)

ग) आन्तरिक आय उठन बाँकी रु, ४४ (चवालिस) लाख ७६ (छयाहत्तर) हजार ८ (आठ) सय (डोजर प्रयोग वापतको)

घ) संघिय वित्तिय समानीकरण रु,८ (आठ) करोड ८१ -एकासी) लाख

ङ) संघिय शर्सत अनुदान रु, १८ (अठार) करोड ७ (सात) लाख ४९ (उनन्पचास) हजार

च) प्रदेश वित्तिय समानीकरण रु, ९९ (उनान्सय) लाख ७९ (उनान्असी) हजार

छ) प्रदेश शर्सत रु,९० (नब्बे) लाख

मिति २०७७/०३/०९ गते सम्म प्राप्त व्ययको विवरण

क) खर्च विवरण रु, ९ करोड ११ लाख ९० हजार ५ सय ५२ पैसा ९९

यस नगर सभाका सभाध्यक्ष ज्यु अब म आ,व,२०७७/२०७८ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

कुल बजेट रु,

१) संघिय सर्सत तर्फ –२० (बीस) करोड, ८२ (बयासी) लाख

२) संघिय वित्तिय समानिकरण तर्फ–८ (आठ) करोड ७६ (छयाहत्तर) लाख

३) संघिय समपुरक अनुदान रु, १ (एक) करोड ४४ (चवालिस) लाख

४) संघिय राजश्व बाँडफाँड तर्फ–६ (छ) करोड ४१ -एक चालिस) लाख ११ (एघार) हजार २ (दुई) सय ९० (नब्बे)

५) प्रदेश वित्तिय समानीकरण रु, १ (एक) करोड ९५ (पन्चनब्बे) हजार

६) प्रदेश सर्शत अनुदान रु, ८५ (पचासी) लाख

७) प्रदेश विशेष अनुदान रु, ४० (चालिस) लाख

८) प्रदेश समपुरक अनुदान रु, १ (एक) करोड ४० (चालिस) लाख

९) आन्तरि स्रोत तर्फ–१ (एक) करोड ५३ (त्रिपन्न) लाख ७० (सत्तरी) हजार ४ (चार) सय ३० (तीस)

अब म विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

माथि प्रस्तावित विभिन्न शिर्षकका आय अनुसारको सोही शिर्षक अनुसार नै व्याय हुने प्रस्ताब गरेकोछु ।

क) कुल बजेट रु, ४२ (बयालिस) करोड ६५ (पैसठी) लाख ८४ (चैरासी) हजार ७ (सात) सय २० (बिस)

ख) चालु तर्फ रु, २७ (सत्ताईस) करोड ५६ (छपन्न) लाख ७ (सात) सय २० ( बिस)

ग) पुजिंगत तर्फ रु, ५ (पाँच) करोड ३२ (बत्तिस) लाख ८९ (उनाननब्वे) हजार

घ) वितिय समानीकरण तर्फ रु, ९ (करोड) ७६ (छयाहत्तर) लाख ९५ (पन्चनब्वे) हजार

धन्यावाद

चन्द्रकुमारी बुढा

उप प्रमुख

त्रिपुरासुन्दरी नगरपालिका डोल्पा